# कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) मकवानपुर, आश्विन ०७ गते, २०८१ साल (संख्याः२


## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन (पहिलो संशोधन) मापदण्ड, २०८१**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० दफा ८ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड बनाएको छ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो मामदण्डको नाम **"कैलाश गाउँपालिकाको कर्मचारी प्रोत्साहन (पहिलो संशोधन) मापदण्ड, २०८१"** रहेको छ।

(ख) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **कर्मचारी प्रोत्साहन मापदण्ड, २०८० को दफा ७ मा संशोधनः** दफा ७ को उपदफा (१) मा क्रमशः पचास र पैतालिस प्रतिशतको सट्टा क्रमशः पैंतिस र तीस प्रतिशत शब्दहरु राखिएका छन।

**दफा ७ को उपदफा (२) मा** पैतालिस प्रतिशतको सट्टा तीस प्रतिशत शब्द राखिएको छ।

**दफा ७ को उपदफा (४) को सट्टा** देहाय बमोजिम राखिएको छः

| **सि.नं.** | **कार्यालय/ वडा** | **प्रतिशत** |
|---|---|---|
| १ | गाउँपालिकाको कार्यालय | २० |
| २ | वडा नं. १, २,४, ५ र ६ | २० |
| ५ | वडा नं. ३, ७, ८, ९ र १० | १५ |

**दफा ७ को उपदफा (६) मा उपदफा ६क थपः** मापदण्डको दफा ७ को उपदफा ६ पछि देहायको उपदफा (६) क थपिएको छः- "उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाबाट वडाहरुमा वा वडाहरुबाट गाउँपालिकामा कार्यालय सम्बन्धी कामले बास बस्नुपर्ने गरी आउनु जानुपरेको खण्डमा कार्यालयले अधिकृतस्तर र सहायकस्तरका कर्मचारीलाई प्रतिदिन क्रमशः रु ७०० र ५०० का दरले दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सक्नेछ।"

**दफा ७ मा निम्न उपदफा (१३) थपः** कार्यविधिको दफा ७ को उपदफा (१२) पछि देहायको उपदफा (१३) थपिएको छः- गाउँपालिकाको आय स्रोत अनुसार

मापदण्ड बमोजिम कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने वा तोकिएका कर्मचारीलाई मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउने वा नगराउने विषयमा कार्यालयको निर्णय बमोजिम हुनेछ।

प्रमाणिकरण मितिः २०८१ आश्विन ०७

आज्ञाले

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत